**एस्ट्राजेनेका कम्पनीको खोपको लागि**
**(२०२२ साल सेप्टेम्बर )**

# कोरोनाभाइरस खोपका निर्देशनहरु

**(प्राइमरी भ्याक्सिनेसन सिरिज (पहिलो डोज तथा दोस्रो डोज))**

◎आवश्यक अवस्था बाहेक, सामान्यतया यो खोप ४० वर्ष वा सोभन्दा बढीका व्यक्तिहरूमा प्रयोग गर्नुहोस्।
◎यद्युपि अन्य कोरोनाभाइरस खोपहरूमा भएको तत्त्वप्रति एलर्जी भएको कारण ती खोपहरू लगाउन नसक्ने जस्ता विशेष रूपमा एस्ट्राजेनेका कम्पनीको खोप लगाउन चाहने खण्डमा, अपवादात्मक रूपमा १८ वर्ष वा सोभन्दा बढी र ४० वर्ष भन्दा कम भए तापनि एस्ट्राजेनेका कम्पनीको खोप लगाउन सकिन्छ।
◎विदेशमा ज्यादै कम संख्यामा थ्रोम्बोसाइटोपेनिया हुने थ्रोम्बोसिस, क्यापिलरी लिक सिन्ड्रोम, गुलियनबेरी सिन्ड्रोम जस्ता डिमाएलनेटिङ डिजिज हुने कुराहरू रिपोर्ट गरिएको छ। खोप लगाउँदा जोखिम र लाभ बुझेर, आफूलाई चित्त बुझेपछि मात्र खोप लगाउनुहोस्।

**कोरोनाभाइरस खोपका बारेमा**
यो कोरोनाभाइरसको खोप केन्द्रीय र स्थानीय सरकारको खोप कार्यक्रम (SARS-CoV-2) को एक हिस्साको रूपमा संचालनमा आउँदैछ। यो खोप सार्वजनिक कोषद्वारा कभर गरिएको छ र खोप लिन चाहनेहरूलाई नि:शुल्क उपलब्ध गराउनेछ।

**खोपको प्रभावकारिता र खोप लिने विधि**
यसपटक लगाउने खोप एस्ट्राजेनेका कम्पनीद्वारा उत्पादित खोप हो। यस खोपले कोरोनाभाइरस लाग्नबाट रोक्दछ।
यो खोप नलिने व्यक्तिहरूभन्दा खोप लिने व्यक्तिहरूलाई कोरोनाभाइरस संक्रमण कम हुन्छ भन्ने कुरा पत्ता लागेको छ। (क्लिनिकल परीक्षणमा लगभग ७०% जस्ता सङ्क्रमण रोकथाम गर्ने प्रभावकारिता निश्चय गरिएको छ।)

| | |
|---|---|
| नाम | Vaxzevria™ इन्ट्रामस्कलर इन्जेक्सन |
| क्षमता र प्रभाबहरू | SARS-CoV-2 को संक्रमणको रोकथाम |
| खोपको डोज र समय अन्तराल | २ पटक )सामान्यतया ४～१२ हप्ताको अन्तरालमा*(इन्ट्रामस्क्युलरइन्जेक्शन |
| खोपको लक्षित उमेर | सिद्धान्त अनुसार ४० वर्ष वा सोभन्दा बढी |
| खोपको मात्रा | प्रति डोज ०.५ mL, जम्मा २ डोज |

- औषधि स्वीकृति अनुसार पहिलो डोज लगाएको ४～१२ हप्ताको अन्तरालमा दोस्रो डोज लगाउने भनेर भनिएको छ। यद्यपि अधिकतम प्रभावको लागि ८ हप्ता वा सोभन्दा बढीको अन्तरालमा खोप लगाउनु उत्तम मानिन्छ। साथै पहिलो डोज लगाएपछि १२ हप्ता नाघेको खण्डमा, सकेसम्म छिटो दोस्रो डोज लगाउनुहोस्।
- खोपको लक्षित उमेरको सन्दर्भमा, औषधि स्वीकृति अनुसार १८ वर्ष वा सोभन्दा बढीका व्यक्तिहरूमा प्रभावकारिता र सुरक्षा निश्चय गरिएको छ तर अन्य देशहरूको प्रयोग सिफारिस स्थिति र प्रत्येक उमेरको जोखिम र लाभसँग सम्बन्धित रिपोर्ट आदिलाई मध्यनजर गर्दै हाल सामान्यतया ४० वर्ष वा सोभन्दा बढीको व्यक्तिलाई यो खोप लक्षित गरिएको छ।
- पहिलो डोजको खोपमा यो भ्याक्सिन लगाएको भए साधारणतया दोस्रो डोज पनि यही भ्याक्सिनको खोप लिनुहोस् ।
- क्लिनिकल परीक्षणमा यस खोपबाट पर्याप्त रूपमा प्रतिरोधात्मक क्षमताको निश्चय गर्न सकिएको अवधि, दोस्रो डोजको खोप लगाएको १५ दिन वा सोभन्दा पछि हो । साथै यसले पूर्ण रूपमा संक्रमण रोक्न सक्छ भन्ने होइन। तपाईंले खोप लिएपनि नलिए पनि संक्रमण रोकथामका उचित उपायहरू अपनाउनु पर्दछ।

**खोप लिन नमिल्ने व्यक्तिहरु**
निम्न कुरा भएका व्यक्तिहरुले यो खोप लिन मिल्दैन। यदि तलका कुनै कुरा मिल्न गएमा खोप लिनुभन्दा अगाडि डाक्टरसँग परामर्श गर्नुहोस् ।

- ज्वरो आएका व्यक्तिहरू (*१)
- गम्भीर रोगबाट ग्रस्त व्यक्तिहरू
- यस खोपमा भएका तत्त्वहरूसँग स्वास्थ्यमा गम्भीर संवेदनशीलता (*२) भएका व्यक्तिहरू
- विगतमा SARS-CoV-2 खोप लगाएपछि थ्रोम्बोसाइटोपेनिया हुने थ्रोम्बोसिस अथवा धमनीको थ्रोम्बोसिस भएका व्यक्तिहरू
- विगतमा क्यापिलरीलिक सिन्ड्रोम भएका व्यक्तिहरू
- माथि उल्लेखित बाहेक व्यक्तिहरु जसले यो खोप प्राप्त गर्न सक्दैनन् ।

(*१) सामान्यतया ज्वरो ३७.५ डिग्री भन्दा बढी तापक्रमलाई बुझिन्छ। जहाँसम्म तापक्रम ३७.५ डिग्री सेल्सियस भन्दा कम भए पनि सामान्य शरीरको तापक्रमको आधारमा यसलाई ज्वरोको रूपमा मानेको केसहरूमा यो आवश्यक रूपमा लागू हुँदैन।
(*२) एनाफिलाक्सिस र एनिफिलाक्सिसको बहुलक्षणहरू जस्तै सामान्य छाला तथा म्यूकस झिल्ली सिन्ड्रोम, सास फेर्दा घ्यार-घ्यार आवाज आउने, स्वास-प्रश्वास सम्बन्धि रोग (डिस्प्निया), टाचिकार्डियार हाइपरटेन्सन भएका व्यक्तिहरु।

**खोप लिने बेला सावधान हुनुपर्ने व्यक्तिहरु**
यस खोपका सम्बन्धमा निम्न मध्ये कुनै पनि कुरा मिल्न गएमा सावधान हुनुपर्छ र खोप लिनुअघिको परामर्शका बेला डाक्टरलाई बताउनुहोस्।

- एन्टीकोआगुलेन्ट थेरापीका ब्यक्तिहरू, थ्रोम्बोसाइटोपेनिया वा कोगुलेसन डिसआर्डर भएका ब्यक्तिहरू
- बिगतमा रोग प्रतिरोधक्षमतामा कमी (इम्युनोडेफिशियन्सी) पत्ता लागेको व्यक्ति वा नजिकका आफन्तहरू, जन्मजात प्रतिरोध क्षमता कम भएका व्यक्तिहरू
- मुटु, मृगौला, कलेजो, रक्तसंचारतथा शारीरिक विकास सम्बन्धी अन्तर्निहित चिकित्सा अवस्थाका व्यक्तिहरू
- विगतमा खोप लिँदा खोप लिएको २ दिनभित्र ज्वरो वा शरीरको कुनै भागमा दागहरु जस्ता एलर्जीका लक्षणहरू भएका व्यक्तिहरू
- बिगतमा ऐंठन (काम्ने, मुर्छा हुने) भएका व्यक्तिहरू
- यस खोपमा भएका रासायनिक पदार्थबाट एलर्जी हुन सक्ने व्यक्तिहरू

गर्भवती एवम गर्भवती भएको शंका भएका व्यक्ति तथा स्तनपान गराइरहेका व्यक्तिहरूले खोप लिनुअघिको परामर्शका समयमा डाक्टरलाई भन्नुहोस् ।
यस खोपमा एक पदार्थ समावेश छ जुन पहिले खोपमा कहिल्यै प्रयोग भएको थिएन। यदि तपाईंसँग बिगतमा औषधि प्रति अत्यधिक संवेदनशीलता वा एलर्जी भएको छ भने, खोप पूर्व-परामर्शको समयमा डाक्टरलाई भन्नुहोस् ।

**खोप लिएपछिको सावधानी**

- कृपया यो खोप लगाएपछि तपाई कम्तिमा १५ मिनेटसम्म खोपस्थलमै पर्खनुहोला (गम्भिर एलर्जीको लक्षणहरू भएका वा अस्वस्थता महसुस हुने, अचेत महसुस हुने व्यक्तिहरू कम्तिमा ३० मिनेट पर्खनुहोला) र यदि तपाईंलाई अस्वस्थ महसुस भएमा तुरुन्त आफ्नो डाक्टरलाई सम्पर्क गर्नुहोस्। (यसले अचानक हुने साइड इफेक्टको समाधान गर्न सम्भव हुन्छ ।)
- सुइ लगाएको ठाउँ सफा राख्नुपर्छ। त्यहि दिन नुहाउन पनि सकिन्छ तर सुइ घोचेको ठाँउमा नमाड्नुहोला।
- नियमित तरिकाले दिन बिताउन सकिन्छ तर खोप लगाएको दिन ज्यादा कसरत तथा अधिक मदिरा सेवन नगर्नुहोस्।

**साइड इफेक्ट**

- मुख्य साइड इफेक्टहरूमा इन्जेक्शन लगाएको ठाउँमा दुख्ने, टाउको दुख्ने, जोर्नी तथा मांसपेशी दुख्ने, आलस्य हुने, थकान, जाडो र ज्वरो पर्दछन्। साथै क्लिनिकल परीक्षणमा यी लक्षणहरू दोस्रो डोज लगाएका व्यक्तिहरूमा भन्दा पनि पहिलो डोज लगाएको व्यक्तिहरूमा बढी देखिने गरेको पाइएको छ। विरलै हुने गम्भिर साइड इफेक्टहरूमा सक हुने वा चिलाउने-फोका उठ्ने (एनाफिलाक्सिस) पर्दछन्। यो खोप नयाँ प्रकारको भ्याक्सिन भएकाले गर्दा अहिलेसम्म नदेखिएका अन्य लक्षणहरू पनि देखिन सक्छन् । यदि तपाईंले खोप लिएपछि कुनै लक्षणहरू देख्नुभयो भने, खोप दिने चिकित्सक वा आफ्नो पारिवारिक चिकित्सकसँग सल्लाह लिनुहोस्।
- अन्य देशहरूमा ज्यादै कम संख्यामा खोप लगाएपछि थ्रोम्बोसाइटोपेनिया हुने थ्रोम्बोसिस (*१), क्यापिलरी लिक सिन्ड्रोम (*२), गुलियन बेरी सिन्ड्रोम जस्ता डिमाइएलनेटिङ डिजिज (*३) भएका उदाहरणहरू रिपोर्ट गरिएका छन्। खोप लगाएपछि निम्न लक्षणहरू देखिएमा तुरुन्तै स्वास्थ्य संस्थामा गई जँचाउनुहोस्।
  (*१) निरन्तर अत्यन्तै टाउको दुख्ने, आँखा धमिलो हुने, स्वाँस्वाँ हुने, अलमल्ल पर्ने, मांसपेशी बाउँडिने, छाती दुख्ने, खुट्टा सुन्निने वा दुख्ने, निरन्तर पेट दुख्ने, खोप लगाएको भाग बाहेकको ठाउँमा आन्तरिक रक्तस्राव (डाबर) जस्ता लक्षणहरू। यी मध्येका धेरै जस्ता लक्षणहरू प्रायः जस्तो खोप लगाएको २८ दिन भित्र देखिने गर्छन्। साथै यी लक्षणहरू दोस्रो डोज लगाएपछि भन्दा पनि पहिलो डोज लगाएपछि धेरै देखिने गर्छन्।
  (*२) हातखुट्टा सुन्निने, न्यून रक्तचाप जस्ता लक्षणहरू।
  (*३) हातखुट्टामा जोड नलाग्ने जस्ता मुभमेन्ट डिसअडर, झन्झनापन जस्ता ज्ञानेन्द्रिय अपाङ्गता, पिसाब र दिसा सम्बन्धी डिसअडर, आँखा धमिलो हुने जस्ता दृष्टि सम्बन्धी डिसअडर।

**खोपबाट स्वास्थ्यलाई हानी पुग्न गएमा त्यसको राहत प्रणालीका बारेमा**

खोपले स्वास्थ्य समस्याहरू निम्त्याउन सक्ने कुरालाई मध्यनजर गरी यसको राहत प्रणाली स्थापित गरिएको छ।
कोरोना-भाइरस खोपको कारणले स्वास्थ्यमा क्षति भएको खण्डमा, खोप ऐन अन्तर्गत राहत (चिकित्सा खर्च, अशक्त पेन्शन लाभहरू आदि) लिन सकिन्छ। यसको आवश्यक आवेदन प्रक्रियाको लागी आफु बसोबास गर्ने नगरपालिकामा परामर्श गर्नुहोस् ।

**कोरोना-भाइरस संक्रमणको बारेमा**

जब SARS-CoV-2 को संक्रमण हुन्छ, ज्वरो र खोकी जस्ता सामान्य रुघाको जस्तै लक्षणहरू देखिन्छ। धेरै व्यक्तिहरूमा यस्ता हल्का लक्षणहरू आफैं निको हुने भएपनि गम्भिर सवालहरूमा निमोनियाका लक्षणहरू जस्तै सास फेर्न गाह्रो हुँदै जान्छ र मृत्युसम्म पनि हुन सक्छ।

**यस खोप (एस्ट्राजेनेका कम्पनीद्वारा उत्पादित खोप) का विशेषताहरू**

यो औषधि भाइरल भेक्टर खोप हो र यो SARS-CoV-2 को स्पाइक प्रोटीन (भाइरस मानव शरीरमा प्रवेश गर्नको लागि आवश्यक प्रोटिन) को एमिनो एसिड सिक्वयन्स कोड गर्ने जिनलाई सिमिएन एड्नोभाइरस (रुघाको अडेनोभाइरसमा वृद्धिलाई रोक्ने उपाय अपनाइएको छ।) मा समावेश गरिएको औषधि हो। यस औषधीको खोपद्वारा जिन मानव कोष भित्र प्रवेश गरेमा, यस जिनको आधारमा कोषभित्र भाइरसको स्पाइक प्रोटिनको निर्माण हुन्छ र स्पाइक प्रोटिनलाई निस्तेज पार्ने एन्टिबडि एवम् कोषिका मध्यस्थ प्रतिरोधात्मक प्रतिक्रियालाई जाग्न प्रेरित गर्नाले SARS-CoV-2 को सङ्क्रमणको रोकथाम गर्न सकिने भनी ठानिएको छ।

यस औषधिमा निम्न सामग्रीहरू समावेश छन् ।

| | |
|---|---|
| सक्रिय पदार्थ (Active ingredient) | ✧ कोरोनाभाइरस) SARS-CoV-2) खोप) जेनिटिकल्ली मोडिफाइड् सिमिएन एड्नोभाइरस भेक्टर( )नोट :SARS-CoV- 2को स्पाइक प्रोटीनको एमिनो एसिड सिक्वयन्स कोड गर्ने जिन समावेश गरिएको सिमिएन एड्नोभाइरस( |
| अन्य योजक (Additives) | ✧ L-हिस्टिडिन<br>✧ L-हिस्टिडिन हाइड्रोक्लोराइड हाइड्रेट<br>✧ सोडियम क्लोराइड<br>✧ म्याग्नेसियम क्लोराइड<br>✧ डाइसोडियम एडिटेट हाइड्रेट<br>✧ पिउरिफाइड सुक्रोज<br>✧ डिहाइड्रेटेड् इथेनोल<br>✧ पोलिसोबेट ८० |

कोरोनाभाइरस खोपको प्रभावकारिता र सुरक्षाका बारे थप जानकारीको लागि कृपया स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको वेबसाइटमा हेर्नुहोस्।

Ministry of Health, Labor and Welfare Novel Coronavirus Vaccines | Search

यदि तपाईं वेबसाइट हेर्न असमर्थ हनहन्छ भने, कपया तपाईंको स्थानीय पालिकामा सम्पर्क गर्नहोस